# जापानको ट्राफिक नियमहरूको बारेमा

## जापानमा आवतजावत गर्ने नियमहरू

### • बायाँतर्फ आवतजावत



जापानका सडकहरूमा सवारी साधनहरू बायाँतर्फ चल्छन्

### • पैदल यात्रुलाई प्राथमिकता



- सिग्नल नभएको जेब्रा क्रसिङमा पैदल यात्रुलाई प्राथमिकता दिइन्छ।
- सवारीको सिग्नल हरियो भए पनि, पैदल यात्रुलाई प्राथमिकता दिइन्छ

### • दायाँ मोड्ने सवारी अनिवार्य रूपमा पर्खनु पर्छ




- चौराहामा सिधा जाने र बायाँ मोड्ने सवारीलाई प्राथमिकता दिइन्छ
- दायाँतर्फ मोड्ने सवारी साधनले, पैदल यात्रु छन् कि छैनन् भनेर राम्रोसँग जाँच गर्नुपर्छ।

त्यसपछि, अगाडिबाट आउने सिधा जाने सवारी र बायाँ मोड्ने सवारीहरू पार भइसकेपछि मात्र अगाडि बढ्नुपर्छ।

### • गति सीमामा ध्यान दिनुहोस्




- जापानमा सवारी साधनको लागि तोकिएको कानुनी गति सीमा निम्नानुसार छः

सामान्य सडक (general road) मा: घण्टामा 60 किलोमिटर , ओकिनावाको एक्सप्रेसवे (highway) मा: घण्टामा 80 किलोमिटर| तर, केही सडकहरूमा ट्राफिक संकेत मार्फत फरक गति सीमा तोकिएको हुन सक्छ। त्यसैले सधैं सडक संकेतहरू ध्यानपूर्वक हेरेर सोही अनुसार सवारी चलाउनु आवश्यक हुन्छ।

- यदि सडकमा गति सीमा देखाउने संकेत (sign) नभए पनि, तोकेको कानुनी गति सीमा (legal speed limit) भन्दा बढी गतिमा सवारी चलाउन पाइँदैन।
- यस वर्षको सेप्टेम्बरदेखि, आवासीय क्षेत्र भित्रका सडकहरूमा सवारी साधनको कानुनी गति सीमा घण्टामा 30 किलोमिटर मा घटाइनेछ।

### • लेनबाट बाहिर निस्कन निषेध क्षेत्रतर्फ ध्यान दिनुहोस्




पहेंलो ठोस केन्द्र रेखाले "ओभरटेक गर्न वा लेनबाट बाहिर ननिस्कनु (हद नाघ्न नपाइने)" भन्ने जनाउँछ।
यस खण्डमा, केन्द्र रेखा नाघेर अगाडिको सवारीलाई ओभरटेक गर्न पाइँदैन।

## ट्राफिक सिग्नलका नियमहरू

### • रातो बत्तीमा अनिवार्य रूपमा रोकिनुहोस्



रातो बत्ती हुँदा, सिधा जाने मात्र होइन, बायाँ मोड्ने सवारी पनि अनिबार्य रुपमा रोकिनु पर्दछ।

### • हरियो संकेत (तीर चिन्ह) लाई पालना गर्नुहोस्



रातो बत्ती भए पनि, हरियो तीरले देखाएको दिशामा जान सकिन्छ

## जापानका सडक संकेत (रोड साइन) का उदाहरणहरू

### " एकपटक पूर्ण रूपमा रोकिनुहोस्"




- जापानको 'एकछिन रोकिनु' संकेत उल्टो त्रिकोण आकारको रातो चिन्ह हो •

जापानमा "एकछिन रोकिनु" नियम कडाइका साथ लागू गरिएको छ।
यदि सवारी साधन पूर्ण रूपमा नरोकी अगाडि बढेमा, त्यो नियम उल्लङ्घन मानिन्छ।

### " बिस्तारै चलाउनु (कम गतिमा सवारी चलाउनु) "




यो संकेत (चिन्ह) भएको स्थानबाट सवारी चलाउँदा, प्रति घण्टा १० किलोमिटरभन्दा कम गतिमा बिस्तारै चलाउनु अनिवार्य हुन्छ।

### " यहाँ सवारी साधन पार्क गर्न निषेध गरिएको छ।"




- यो संकेत (चिन्ह) भएको स्थानमा सवारी साधन पार्क गरेमा उल्लङ्घन हुन्छ।
- यदि संकेतमा समय तोकिएको छैन भने, दिनभरि पार्किङ निषेध हुन्छ।

### " यहाँ सवारी साधन रोक्न र पार्क गर्न दुवै निषेध गरिएको छ।"




यो संकेत (चिन्ह) भएको स्थानमा सवारी साधन पार्क वा रोक्दा उल्लङ्घन हुन्छ।

### " बसका लागि मात्र छुट्टाइएको लेन।"




- यो संकेत (चिन्ह) बसका लागि मात्र भनि छुट्टाइएको लेन जनाउँछ।
- संकेत (चिन्ह) को तल समय तोकिएको हुनाले, तोकिएको समयमा रुट बस आदि बाहेकका सवारी साधनहरू आवागमन गर्न पाइँदैन।

ओकिनावा प्रिफेक्चरल प्रहरी